सुनवल नगरपालिका

स्थानीय राजपत्र

खण्ड: ३ संख्या : ६ मिति: २०७६/१०/२७

भाग-२

सुनवल नगरपालिका

सुनवल नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६

नेपालको संविधान २०७२ को अनुसूची ८- "स्थानीय तहको अधिकारको सूची" मा व्यवस्था भए अनुसार कृषि उत्पादन तथा व्यवस्थापन, पशु स्वास्थ्य तथा कृषि प्रसारको व्यवस्थापन सम्बन्धी कार्यहरु स्थानीय तहबाट सम्पादन गर्नु पर्ने भएको र संघियता कार्यन्वयनको सन्दर्भमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानीय तहमा हस्तान्तरण हुदै गरेको सन्दर्भमा कृषक समुदायको जिविकोपार्जनमा अनादिकालदेखि महत्वपूर्ण स्थान ओगटेको कृषि व्यवसायलाई विविधिकरण, व्यवसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपम विकास गरी कृषि जन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्दै बजारीकरण तथा प्रशोधन व्यवस्थापन गरि यस नगरपालिकाकाबाट संचालन हुने कृषि विकास सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको लागि सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क. यो कार्यविधिको नाम "सुनवल नगरपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७६" रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि सुनवल नगरपालिका भर लागु हुनेछ।

२. परिभाषा बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. " नगरपालिका " भन्नाले सुनवल नगरपालिका सम्झनु पर्ने छ।

ख. “ कार्यपालिका ” भन्नाले सुनवल नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्ने छ।

ग. “ शाखा ” भन्नाले सुनवल नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ।

घ. “ वडा ”भन्नाले सुनवल नगरपालिका अन्तर्गत पर्ने १३ वटा वडाहरु सम्झनु पर्ने छ।

ङ. “ प्राविधिक ” भन्नाले सुनवल नगरपालिकामा कार्यरत वा कृषि विकास शाखाले तोकिएको सम्बन्धित प्राविधिक सम्झनु पर्ने छ।

च. “ सहकारी ” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्था लाई सम्झनु पर्छ।

छ. “कृषक समूह” भन्नाले कृषि पेशामा संलग्न भई मिल्दजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

ज. “कृषक” भन्नाले कृषि कार्यक्रम संचालन गर्ने संस्था, सहकारी तथा व्यवसायिक फर्मका सदस्य सम्झनु पर्दछ।

३. उद्देश्य: यो कार्यविधिको निम्न अनुसारको उद्देश्य रहेको छ।

क. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,

ख. प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

ग. कृषि उपजको सरल र सुलभ बजार पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रबर्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

घ. कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने।

ङ. कृषक/ कृषक समूह/ कृषि सहकारी/ उपभोक्ता समिति तथा ब्यवसायिक कृषि फर्महरुले संचालन गर्ने कार्यक्रमहरुको प्रस्तावना अनुसार कार्यक्रम संचालन गर्ने।

परिच्छेद-२

संचालित कार्यक्रमहरु

४. कृषि विकास कार्यक्रमहरुको विवरण: कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहायबमोजिमका कार्यक्रमहरु हुनेछन्:

क्र. सं.	कार्यक्रम	मापदण्ड	संचालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/ प्रतिशत	कैफियत
१.	समग्र कृषि विकास कार्यक्रम संचालन	●अनुसूची-२ मा उल्लेखित कार्यक्रमसंग सम्बन्धित कागजातहरु।	स्वीकृत कार्ययोजनाका कृयाकलापहरु।	सामग्री तथा अन्य सेवा खरिद गर्दा स्वीकृत प्रचलित कानून बमोजिमको दररेट अनुसार गर्नुपर्ने	
२.	च्याउ विकास कार्यक्रम	● च्याउ खेति सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका ब्यवसायीलाई प्राथमिकता दिईने। ●ब्यवासाहिक	● च्याउ खेति कार्यक्रमका लागि बिउ तथा पोलीब्याग वितरण गरिने। ● पराल काट्ने मिसिन (chaff cutter) वितरण गर्ने। ● पानीको फोहोरा	● बिउ, पोलीब्याग तथा मेसिनरी औजारमा ५० प्रतिशत अनुदान (अधिकतम १ लाख ५० हजार सम्म अनुदान	

		रुपमा च्याउ खेति गर्ने कृषक,फर्म, समूह तथा कृषि सहकारीमा कार्यक्रम संचालन गर्ने।	निर्माण गर्ने। ● च्याउको टनेल निर्माण गर्ने। ● च्याउको डल्ला बनाउने मिसिन वितरण गर्ने। ● च्याउ खेती सम्बन्धि तालिम संचालन गर्ने। ● च्याउ सुकाउने solar dryer वितरण गर्ने।	उपलब्ध गराउने। ● च्याउ खेति गर्ने टनेल तथा अन्य पूर्वाधार बिकासमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने। ● च्याउ खेति तालिममा सहभागी कृषकहरु लाई च्याउको बिउ २ थान (४०० ग्राम) र पोलीब्याग (६ थान) सम्म शतप्रतिशत अनुदान उपलब्ध गराउने।	
३.	उच्च मूल्ययुक्त	● लसुन तथा प्याज खेति	● लसुन तथा प्याजको बिउ	● बिउ बिजनको	

	कृषिजन्य वस्तुको प्रवर्धन	सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका कृषकलाई प्राथमिकता दिईने। ● ब्यवासाहिक रुपमा लसुन वा प्याज खेति गर्ने कृषक,फर्म, समूह तथा कृषि सहकारीमा कार्यक्रम संचालन गर्ने। ● लसुनको हकमा न्यूनतम १ कट्ठा र प्याजको हकमा न्यूनतम २ कट्ठा क्षेत्रफ़ल जग्गामा	बिजन वितरण।	हकमा शत प्रतिशत अनुदान उपलब्ध गराउने।	

		लगाउनु पर्ने।			
४.	उन्नत जातको धान/गहुँ/मकै बिउ उत्पादन तथा वितरण	● बीउ उत्पादन समूह वा कृषि सहकारी संस्था हुनु पर्ने। ● बिउ उत्पादनको लागि बाली लगाउदा न्यूनतम ३ हेक्टर क्षेत्रफल र प्राबिधिक दृष्टीकोणको बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार पृथकता दुरी कायम हुन सक्ने भौगोलिक अवस्था हुनु पर्ने। ● उत्पादित बिउ खद्यान्नमा प्रयोगमा ल्याउन नपाईने।	बिउ उत्पादन प्रयोग हुने मूल बिउ खरिद, सिचाई, यन्त्र उपकरण, दुवानी तथा भण्डारणमा सहयोग	बिउ उत्पादनमा प्रयोग हुने मूल बिउमा ५०% अनुदान सहयोग, सिचाई तथा यन्त्र उपकरणमा ५०% अनुदान, दुवानि तथा भण्डारणमा शत प्रतिशत अनुदान सहयोग गरिने।	

५.	करेसाबारी तथा कौसीखेति तालिम	● प्रस्तावन बाहेक आवश्यक देखिएको अवस्थामा कृषि विकास शाखाले कार्यालयको रायमा यो कार्यक्रम संचालन गर्ने। ● कौसीखेति कार्यक्रम विशेषत सहर केन्द्रित लक्षित रहने छ।	● कार्यक्रममा तालिम, गोष्ठी, कृषि सामग्रीहरुमा अनुदान रकम खर्च गर्न सकिने छ। ● करेसाबारी तथा कौसिखेतीको लागि बिउ बिजन तथा कृषि सामग्रीमा अनुदान सहयोग गर्न सकिने। ● यो कार्यक्रमका लागि बिषादिमा अनुदान दिईने छैन।	उन्नत तथा वर्णशंकर जातको बिउ बिजन शत प्रतिशत अनुदान उपलब्ध गराइनेछ। पानी राख्ने हजारी/ स्प्रेयर/ गमला/ प्रांगारिक मल तथा अन्य कृषि सामग्रीमा शत प्रतिशत अनुदान उपलब्ध गरिनेछ।	
६.	माटो परिक्षण गरि माटो सुधारको लागि सामग्री/ प्रबिधि	● माटो परिक्षण मिनी ल्याब संचालन प्रबिधियुक्त आवश्यक उपकरण खरिद तथा परिचालन	● माटो सुधारका लागि कृषि चुन/ जिप्सममा अनुदान दिन सकिने। ● माटो परिक्षण	● माटो परिक्षणको रिपोर्ट, जग्गाको क्षेत्रफल तथा लगाउने	

	वितरण/ हस्तान्तरण	गर्ने। ● कृषि प्रबिधि/ माटो परिक्षणको लागि नमूना माटो संकलन तालिम संचालन गर्ने।	मिनी ल्याब संचालन प्रविधियुक्त आवश्यक उपकरण खरिद तथा परिचालन गर्ने।	बालीको आधारमा कृषि चुन/ जिप्सममा १००% अनुदान उपलब्ध गरिनेछ।	
७.	भकारो सुधार कार्यक्रम	● ब्यवसाहिक रुपमा संचालन गरिएको प्रांगारिक तरकारी उत्पादनमा टेवा पुग्ने गरी संचालन गरिने छ। ● यो कार्यक्रममा सहभागी हुनका लागि न्यूनतम ठुला पशु संख्या ५ अनिवार्य रहने छ साथै खेतीपाती गरेको हुनु पर्ने छ।	● पशुमुत्र संकलन तथा बैज्ञानिक भकारो निर्माण गर्ने। ● उन्नत तथा बर्णशंकर बिउ वितरण गर्ने। ● उन्नत प्रविधिको तालिम, प्रदर्शनी,कृषि औजार उपकरणमा अनुदान सहयोग गर्ने।	● प्रति भकारो सुधार गरेवापत रु. १०,०००/- अनुदान दिन सकिने र सम्बन्धित कृषकको लगानी कम्तिमा ५०००/- हुनु पर्ने। ● बिउ तथा कृषि औजारको हकमा अधिक्तम ८५ प्रतिशत अनुदान उपलब्ध	

				गराउने।	
८.	साझेदारी कार्यक्रम (कृषि मेला महोत्सव)	● प्रदर्शन गर्ने मितिर स्थान निश्चित गरेपछि व्यापक प्रचार प्रसार गर्ने। ● कृषक समूह, सहकारी वा मेला महत्सोब समित संगको साझेदारीमा कार्यक्रम संचालन गर्न सकिने।	● कृषकका उत्पादन तथा उन्नत उत्पादन सामाग्रीहरु देखाउने प्रदर्शन कक्षहरु कायम गरि व्यवस्थित रुपमा प्रबन्ध मिलाउने। ● प्रदर्शनीमा समावेश भएका कृषि वस्तुहरुलाई तरकारी बाली,फलफूल बाली,मसला बाली,मौरी,बिबिध तथा औधोगिक/ तेलहन/ च्याउ बाली गरि ६ विधामा बर्गिकरण गर्ने। ● प्रदर्शित उत्पादनहरु बीच प्रतिस्पर्धा गराई मुल्यांकन टोलीले उत्कृष्ठ ठहर्याएकालाई पुरस्कृत गर्ने ।	● प्रमाणपत्र सहित नगद (प्रथम पुरस्कार रु.२०००/-, दितीय पुरस्कार रु.१४००, तृतीय पुरस्कार रु.१००० र सान्तवना पुरस्कार रु. ६००) ले सम्मान गर्न सकिने।	
९.	सहकारी सिचाई, साना सिचाई	● प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह/ कृषि तथा	साना बाध निर्माण,कुलो सुधार, पोलीथिन पाईप, पोखरी निर्माण,टंकी	सिचाई आयोजना निर्माणको लागि खर्च हुने	

	मर्मत सम्भार तथा निर्माण	बहुउद्देश्यीय सहकारी संस्था, उपोभोक्ता समिति वा निजी फर्म मार्फत कार्यक्रम संचालन गरिने। ● सिचाई कार्यक्रमबाट कम्तिमा २ हेक्टर क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्ने।	निर्माण, पम्प सेट, थोपा सिचाई, स्प्रिङकल सिचाई,पानी तान्ने मोटर आदिका लागि कृषक समूह, कृषि सहकारी,कृषि फार्म र उपभोक्ता समितिले प्रस्तावना पेश गर्न सक्नेछ।	कुल रकममा ८५ प्रतिशत वा अधिकतम १,५०,०००/- मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिनेछ।	
१०.	कृषि यन्त्र तथा औजार वितरण	● प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह/ कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था वा निजी फर्म मार्फत कार्यक्रम संचालन गर्ने। ● कृषि यन्त्र तथा औजार वितरण कार्यक्रम अन्तर्गत ट्याक्टरको हकमा कम्तिमा १० हेक्टर क्षेत्रमा कम्तिमा १० बर्ष	● कृषि यन्त्र, प्रसोधन उपकरण तथा औजार वितरण गरिने।	● कृषि यन्त्र (मिनी टिलर, रिपर, थ्रेसर, सोलार ड्रायर मेसिन, उखु जुस निकाल्ने मेसिन) को लागी कुल लागत रकममा ५० प्रतिशत वा अधिकतम १,५०,०००/- मध्ये जुन कम हुन आउछ सो	

		सम्म प्रस्तावना अनुरुप कृषि कार्य गर्नु पर्ने।		रकम अनुदान दिन सकिनेछ। ● कृषि यन्त्र तथा औजार वितरणको लागि खर्च हुने कुल रकममा ७० प्रतिशत वा अधिकतम १०,००,००० /- (दश लाख) मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिनेछ।	
११.	सिचाई डिप बोरिंग कार्यक्रम	● प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह/ कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था, उपोभोक्ता समिति वा निजी फर्म मार्फत कार्यक्रम	सिचाई डिप बोरिंग, ढुवानी सहितका लागि कृषक समूह,उपभोक्ता समिति, कृषि सहकारी र कृषि फार्मले प्रस्तावना पेश गर्न सक्नेछ ।	सिचाई आयोजना निर्माणको लागि खर्च हुने कुल रकममा ७० प्रतिशत वा अधिकतम ४,२०,०००/- मध्ये जुन कम	

		संचालन गर्ने। ● सिचाई कार्यक्रमबाट कम्तिमा ५ हेक्टर क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्ने।		हुन आउछ सो रकम अनुदान दिन सकिनेछ।	
१२.	युवा लक्षित ब्यवासाहिक कृषि कार्यक्रम	● १८ देखि ५० बर्ष उमेर सम्मका कृषक हुनु पर्ने। ● विदेश बाट फर्किएर कृषि व्यवसाय संचालन गर्न चाहेका वा संचालन गरेका युवाहरुलाई प्राथमिकता दिईने।	● फलफूल खेती , तरकारी खेती, च्याउ खेती, व्यवासाहिक नर्सरी , माछा व्यवसाय , मौरीपालन गर्नेलाई व्यवसाय संचालन तथा विस्तार गर्न सकिने।	● प्रति युवा कृषक/ समूहले सम्बन्धित व्यवसाय गरेवापत अधिक्तम रु. १,००,०००/- (एक लाख) अनुदान दिन सकिने र सम्बन्धित कृषक/ समूहको लगानी कम्तिमा अनुदान रकम बराबर हुनु पर्ने।	
१३.	फलफूल विकास	● फलफूलको जात, रेख्यांकन,	● सिचाईको लागि पम्पसेट, मोटर,	फलफूलको बिरुवामा शत	

	कार्यक्रम	खाडलको तयारी, मलखाद, बगैचा व्यवस्थापन आदि प्राविधिक मापदण्ड अनुसार हुनुपर्ने, ● जग्गा भाडामा लिएको भए कम्तिमा १५ बर्षको करार सम्झौता हुनुपर्ने। ● बाझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिइने ● उच्च घनत्व बिरुवा रोपणलाई प्राथमिकता दिईने। ● व्यक्तिको हकमा न्यूनतम १० कट्ठा क्षेत्रमा फलफूलको बिरुवा लगाउनु पर्ने।	पाईप, थोपा सिचाई प्रणालीसंग सम्बन्धित सामग्री आदि खरिद गरिने । ● सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/ उपकरण खरिद गरिने । ● बिरुवा रोप्ने रेखांकन र खाडलको तयारी (मलखाद समेत) गरिने । ● बिरुवा खरिद र दुवानी गरिने ।	प्रतिशत अनुदान सहयोग गर्ने	

१४.	पकेट क्षेत्र निर्माण तथा निरन्तरता कार्यक्रम	बालीवस्तुमा न्यूनतम १० हेक्टरमा वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरीपालन गर्ने र कन्ये च्याउको हकमा न्यूनतम १००० के.जी. बिउ उपयोग गरी खेती गरिने, प्लाष्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु भएको।	बिउ, मल तथा यन्त्रीकरणमा सहयोग गर्ने।	प्रति पकेट अधिक्तम रु १,००,०००/- (एक लाख) सम्म अनुदान दिन सकिने र सम्बन्धित कृषक/ कृषक समूह/ कृषक सहकारी/उप भोक्ता समितिको न्यूनतम ५० प्रतिशत साझेदारी हुनु पर्ने।	
१५	बिउ बिजन वितरण	● कृषक समूह, सहकारी, फर्म तथा कृषक उद्यमी हुनु पर्ने। ● लगाउने जग्गाको क्षेत्रफलको आधारमा वितरण गरिने ।	● बिउ बिजन वितरण गरिने।	● खेति गरिने जग्गाको क्षेत्रको आधारमा बिउ बिजनमा ५०% अनुदान उपलब्ध	

				गराउने।	
१६	सुनवल कृषि अनुसन्धान केन्द्रको डि. पि.आर. तयार	● शाखाबाट प्रमाणित TOR अनुरुप कार्य गर्ने। ● कानुन बमोजीम दर्ता भएका परामर्श दाता (व्यक्ति/संस्था) द्वारा संचालन गरिने।	● सुनवल कृषि अनुसन्धान केन्द्रको डि . .आर.पितयार गर्ने।	● बजेटमा व्यवस्था भए अनुरुप।	
१७	कृषि तथ्यांक संकलन	● तथ्यांक संकलन कर्ताको रुपमा न्यूनतम SLC पास गरेको हुनु पर्ने। ● व्यक्ति, समूह वा परामर्शदाता द्वारा संकलन गर्न सकिने।	● सुनवल नगरपालिका भित्र रहेका कृषक, समूह, सहकारी, फर्मको साथै कृषि उत्पादनको तथ्यांक संकलन गरिने।	● बजेटमा व्यवस्था भए अनुरुप।	

कृषि विकास शाखाले नियमित रुपमा सञ्चालन गर्ने कार्यहरु

क्र.स.	सेवाको प्रकृति	सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया /पेश गर्नुपर्ने कागज	लाग्ने शुल्क/दस्तुर	लाग्ने समयावधि	गुनासो सुन्ने पदाधिकारी
क. दर्ता तथा नविकरण					
१	समिती/ समूह दर्ता तथा विविधिकरण	१. निवेदन	नगर कार्यपालिकाले तोके अनुसार	दिनको २ बजे भित्र कार्यालयमा रितपूर्वक निवेदन दर्ता भएको हकमा सोही दिन कार्यालय समय भित्र	प्रमुख प्रशासकिय अधिकृत
		२. समूह समितिको निर्णय माईनुट र विधानको प्रतिलिपि			
		३. सम्वन्धित वडा कार्यालयको शिफारिस			
		४. सदस्यहरुको नगरिकताको प्रतिलिपि			
		५. उद्देश्य स्पष्ट भएको समूह १५ देखि २५ जना सम्म महिला/पुरुष/ महिला पुरुष सदस्य हुनु पर्ने			
		६. सुनवल नगर कार्यपालिका बाट पारित "सुनवल नगरपालिका कृषक समूह बिधान २०७६" अनुरुप बिधान हुनुपर्ने र अनुसूची ८ बमोजिमको प्रमाणपत्र दिइने			

२	व्यवसायिक फर्म अभिलेखिकरण	१. निवेदन	नगर कार्यपालिकाले तोके अनुसार	सोही दिन र स्थलगत निरीक्षण गर्नुपरेमा १० दिन	प्रमुख प्रशासकिय अधिकृत
		२. नागरिकताको प्रतिलिपी			
		३. सम्वन्धित वडा कार्यालयको शिफारिस			
		४. फर्म स्थापना गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि/ जग्गा भाडामा भए भाडा सम्झौता/ लाल पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयबाट स्थायी बसोवास गरेको सिफारिस			
		५. ब्यवासाहिक कार्ययोजना			
		६.कृषि फर्म दर्ताको लागि आवश्यक मापदण्ड ● खाद्यान्न बाली: १० कट्ठा ● तरकारी बाली: १० कट्ठा ● मौरीपालन: २० वटा घार ● च्याउ खेति: १०० वटा बल ● प्लास्टिक भित्र खेति: ३०० वर्ग			

		मिटर ● फलफुल खेति: १० कट्ठा			
ख. सिफारिस					
१	ऋण सिफारिस (कृषि व्यवसाय)	१. निवेदन २. नागरिकताको प्रतिलिपी ३. सम्वन्धित वडा कार्यालयको शिफारिस ४. परियोजना फर्मेट	नगर कार्यपालिकाले तोके अनुसार	सोही दिन र स्थलगत निरीक्षण गर्नुपरेमा १० दिन	प्रमुख प्रशासकिय अधिकृत
२	बिद्युत मिटर सिफारिस (कृषि)	१. निवेदन २. नागरिकताको प्रतिलिपी ३. फार्मको विवरण ४.सम्बन्धित वडा कार्यालयको शिफारिस	नगर कार्यपालिकाले तोके अनुसार	सोही दिन	प्रमुख प्रशासकिय अधिकृत
३	कृषि सहकारी सिफारिस	१. निवेदन २. माईनुटको निर्णयका प्रतिलिपी ३. विनियम/विधान ४.सम्बन्धित वडा कार्यालयको शिफारिस	नगर कार्यपालिकाले तोके अनुसार	दिनको १ बजे भित्र कार्यालयमा दर्ता भएको हकमा सोही दिन कार्यालय समय भित्र	प्रमुख प्रशासकिय अधिकृत
ग. परामर्श सेवा					
१	महामारी रोग, किरा नियन्त्रण	मौखिक तथा लिखित अनुरोध	नि:शुल्क	सोही दिन र स्थलगत निरीक्षण गर्नुपरेमा १० दिन	प्रमुख प्रशासकिय अधिकृत
३	कृषि व्यवसाय प्रबर्द्धन	मौखिक तथा लिखित अनुरोध	नि:शुल्क	सोही दिन	प्रमुख प्रशासकिय अधिकृत

५	बजारीकरण सेवा	मौखिक तथा लिखित अनुरोध	निःशुल्क	सोही दिन	प्रमुख प्रशासकिय अधिकृत
६	बिमा सम्बन्धि	मौखिक तथा लिखित अनुरोध	निःशुल्क	सोही दिन	प्रमुख प्रशासकिय अधिकृत
घ. विविध सेवा					
१	कृषि तथ्याङ्क सम्बन्धि जानकारी	लिखित निवेदन	निःशुल्क	सोही दिन	प्रमुख प्रशासकिय अधिकृत
२	कृषि विकास संग सम्बन्धित ऐन नियम सम्बन्धि जानकारी	मौखिक तथा लिखित अनुरोध	निःशुल्क	सोही दिन	प्रमुख प्रशासकिय अधिकृत

परिच्छेद-३

कार्यक्रम संचालन प्रक्रिया

५. प्रस्ताव माग: कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाचामा ७ देखि १५ दिनको सूचना प्रकाशन गरी उधमी कृषक/ निजी फर्म/ समूह/ सहकारी/ उपभोक्ता समिति/ कम्पनीहरुसंग प्रस्ताव माग गर्नेछ ।

६. प्रस्ताव पेश: सूचनामा तोकिय बमोजमको कागजात सहित उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका इच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाचा सहित सुनवल नगरपालिकाको कृषि विकास शाखामा प्रस्ताव पेश गर्नु पर्नेछ।

७. प्रारम्भिक छनौट तथा सिफारिस: प्राप्त प्रस्तावहरु उपर कृषि विकास शाखाले प्रस्तावमा माग गरिएको कागजातहरुको रुजु गरी कृषि विकास समन्वय समिति समक्ष समक्ष पेश गर्नु पर्नेछ।

८. स्थलगत प्रमाणीकरण सिफारिस: कृषि विकास समन्वय समितिले स्थलगत प्रमाणीकरण र मूल्यांकन सूचक (अनुसूची-४) को आधारमा अनुदानग्राही छनौट गर्ने छ ।

९. सम्झौता प्रक्रिया:

क. छनौट भएका अनुदानग्राही र कार्यालय बीच स्वीकृत कार्ययोजना बजोमिम सम्झौता गरिनेछ।

ख. सम्झौता पश्चात कार्यालयले कार्यादेश दिनेछ।

ग. कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नु पर्नेछ ।

परिच्छेद -४

समिति सम्बन्धी व्यवस्था

१०. कृषि विकास समन्वय समिति

१०.१ कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कृषि विकास समन्वय समिति रहनेछ:-

क. नगर प्रमुख, सुनवल नगरपालिका

संयोजक

ख. नगर उप- प्रखुम, सुनवल नगरपालिका

सदस्य

ग. संयोजक, आर्थिक विकास समिति

सदस्य

घ. शाखा प्रमुख, पशु सेवा शाखा

सदस्य

ङ. नगरसभा सदस्यबाट नगर कार्यपालिकाले तोकेको न्यूनतम १ महिला सदस्य रहने गरि २

सदस्य सदस्य

च. शाखा प्रमुख , कृषि विकास शाखा

सदस्य सचिव

१०.२ समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनालाई आमन्त्रण गर्न सकिनेछ।

१०.३ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

क. प्राप्त प्रस्तावहरु प्रारम्भिक छनौटको लागि आवश्यकता अनुसार कृषि प्राविधिकलाई जिम्मेवारी तोक्ने।

ख. प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुलाई स्थलगत प्रमाणीकरणबाट मुल्यांकन गरी अनुदानको लागि प्रस्ताव छनौट गर्ने।

ग. छनौटमा परी स्वीकृत भएका प्रस्तावकसंग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने।

घ. कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यन्वयनका लागि सरोकारवाला लाई राय सुझाब दिने।

परिच्छेद -५

रकम भुक्तानी प्रक्रिया

११. भुक्तानी प्रकिया

११.१. कार्यक्रम संचालनको लागि कृषि विकास शाखा बाट संचालन हुने कार्यक्रम बाहेक अन्य कार्यक्रमको लागि पेश्की रकम उपलब्ध गराईने छैन । कार्य प्रगति/ कार्यसम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

११.२. पचास प्रतिशत काम सम्पन्न भएपछि पचास प्रतिशत सम्म र सम्पूर्ण काम सम्पन्न पश्चात भुक्तानी हुनेछ ।

११.३. रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ ।

११.४. कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रकृया पूरा गरे पछि मात्र रकम भुक्तानी गर्नेछ:-

क. सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बील र भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ ।

ख. सम्पन्न गरिएको क्रियाकलापको फोटो समाबेश गर्नु पर्नेछ ।

ग.सम्बन्धित अनुदानग्रहिले संचालन गरेका कार्यक्रमको प्रगती प्रतिबेदन पेश गर्नु पर्नेछ ।

घ.सम्बन्धित वडाको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समाबेश गर्नु पर्नेछ ।

ङ. कार्यालयबाट खटाईएको टोलीको अनुगमन टोलीको प्रतिबेदन पेश गर्नु पर्नेछ ।

च. कूल लागत पाच लाख भन्दा बढिको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होडिंगबोर्ड/ सूचनापाटी राखेको हुनु पर्नेछ ।

११.५. कार्यक्रमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पुजीगत निर्माण कार्यको हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ ।

उक्त रकम प्रचलित कानून अनुसार खर्च गर्न सकिनेछ ।

परिच्छेद -६

कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

१२. सुपरिवेक्षण तथा अनुगमन :आवश्यकता अनुसार कृषि विकास समन्वय समिति, अनुगमन समिति/टोलि, आर्थिक विकास समिति, कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयबाट कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिनेछ।

१३. प्रतिवेदन: संचालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित कार्यालयले कृषि विकास शाखा समक्ष पेश गर्नु पर्नेछ।

परिच्छेद -७

विविध

१४. कारवाहीको व्यवस्था: सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसंग प्रचलित कानून बमोजिम सरकारी बाँकि सरह असुल उपर गरिनेछ।

१५. बाँधा अड्चन, निरुपण र संसोधन:

क. यस कार्यविधि कार्यन्वयनमा बाधा, अड्चन वा विवाद भएमा सो को निरुपण सुनवल नगर कार्यपालिकाले गर्नेछ।

ख. यो कार्यविधि आवश्यक संशोधन गर्नु परेमा सुनवल नगर कार्यपालिकाले गर्न सक्नेछ।

अनुसूची-१

सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति .....

यस सुनवल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, सुनवलको आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन हुने ..... कार्यक्रम संचालन गर्न इच्छुक यस सुनवल नगरपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समूह, फर्म तथा कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले .....दिनभित्र तोकिएको ढाचामा प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन यस कार्यालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ| साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावकको सक्कल निवेदन
२. समूह/सहकारी/ निजि कृषक फर्म/ कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. सहकारी/ निजि कृषक फर्म/ कम्पनीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
४. सहकारी/ निजि कृषक फर्म/कम्पनीहरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण- पत्रको प्रतिलिपि
५. कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित वडाको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुसार माग गर्न गरिएको निर्माणको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम संचालनको लागि जग्गा धनीको लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ..... बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

अनुसूची-२
निवेदनको ढाँचा

मितिः..... श्रीमान प्रमुख प्रशासकीय
अधिकृत ज्यू,
सुनवल न.पा. (ब.सु.प.),प्रदेश नं.५ नेपाल

विषयः.....कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत बिषयमा तहा कार्यालयबाट मिति .....मा प्रकाशित गरिएको सूचना अनुसार .....कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्रसाथ संलंग्न गरी यो प्रस्ताव पेश गरेका छौ/ छु ।

संगलंग्न कागजातहरु
१.प्रस्तावकको सक्कल निवेदन
२. उद्धमी /कृषक समुह/ सहकारी / निजि फर्म/ कम्पनीको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३.सहकारी/ निजी फर्म/ कम्पनीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४.सहकारी/निजि कृषक फर्म/ कम्पनीहरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५.कार्यक्रम संचालनको लागी कार्ययोजना सहितको प्रस्ताव
६.सम्बन्धित वडाको सिफारिस पत्र
७.प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८.प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९.निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम संचालनको लागि जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

निवेदक
दस्तखतः
नाम : ठेगाना :
सम्पर्क नं.:

अनुसूची -३

कार्यक्रमको संक्षिप्त ब्यवासाहिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नाम: जिल्ला न.पा.:

वडा नं.: टोल: गाउँ:

फर्मको नाम : संचालकको नाम: मो.नं./टे.नं.:

१. व्यवसायको परिचय:
२. उद्देश्य
३. कृषि व्यवसायमा अनुभव:
४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण:
५. व्यवसाय संचालनका लागि रहेको पूर्वाधारहरु:
६. तालिम सम्बन्धी विवरण:
७. सहकार्यमा सन्चालन गरिने प्रस्तावित कार्य विवरण:

क्र.स.	संचालन गरिने क्रियाकलाप	अनुदान रु.	निजि लगानी रु.	अन्य निकायबाट अनुदान रु.	जम्मा लगानी रु.

८.संचालन हुने कार्यक्रमको वातवरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपर्ने)

९. उत्पादित वस्तुको बजार योजना:

१० थप आधारहरु:

उपलब्ध जग्गाको क्षेत्रफल .....

कार्यक्रमको स्पष्टता .....

अपेक्षित वार्षिक प्रतिफल .....

कार्ययोजना पेश गर्ने:

फर्म/ कृषकको नाम:

ठेगाना : सुनवल नगरपालिका वडा नं.....टोल .....

फर्म संचालन गरिने स्थान:

फर्म/ कृषकको तर्फबाट सही गर्नेको

नाम:

दस्तखत:

पद:

मिति:

अनुसूची -४

प्रस्ताव मुल्यांकनका आधारहरु

क्र. स.	द.नं.	आवेदन सस्थाको नाम	ठेगाना	कार्य योजना (२५)	व्यवसायको सम्भाव्यता /उपयुक्तता (२५)	अनुभव/ तालिम, भौतिक संरचना (१०)	खेति गरिने जग्गाको क्षेत्रफल वा लाभग्राही कृषक संख्या (१५)	नविनतम प्रविधि उपयोग गरेको (२५)	कुल प्राप्तांक (१००)	कैफियत

नोटः मूल्यांकनका आधार फर्म र आवश्यकता अनुसार कृषि विकास समन्वय समितिले हेरफेर गर्न सक्नेछ।

अनुसूची ५

सम्झौता –पत्र

आ.व. .....मा संचालन हुने .....कार्यक्रमको लागी तथा सुनवल न.पा. कृषि विकास शाखा .....(यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक समूह/ समिति/ उपभोक्ता समिति संस्था/ सहकारी .....(यस पछी दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम संचालन गर्न सम्झौता भएको छ।

शर्तनामाहरु :

१. प्रथम पक्षले लागत साझेदारीमा ..... कार्यक्रमको लागी कुल लागतहरु .....मध्ये अनुदान वापत रु. .....दोस्रो पक्षलाई रु.....(अक्षरुपी रुपैया .....) अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी जिल्ला नवलपरासी (ब.सु.प.), सुनवल नगरपालिका वडा नं. ..... मा मिति ..... भित्र सम्पन्न गर्नेछ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टीमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ।

४. कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईस्टीमेट, सुपरभिजन, अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण खरिद, दुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसार भ्याट बिल, दाखिला प्रतिबेदन, कार्यसम्पन्न प्रतिबेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मुनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा भुक्तानी दिनेछ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको हेर्न र आवश्यक सल्लाह सुझाब दिन सक्नेछ।

७. दोश्रोपक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडङ्गबोर्ड सबैले देख्ने गरी राख्नेछ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रीजित सबै प्रकारका दाइत्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी विवरणहरु प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका बिषयहरुको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१२. दिपक्षिय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाऊन सक्नेछ।

१३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टीमेट र दरभाऊ, मेसिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ।

१४. प्रथम पक्ष र दोस्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन्।

१. प्रथम पक्षले व्यहोर्ने रु. .....

२. दोश्रो पक्षले व्यहोर्ने रु.....

३. अन्य श्रोतबाट प्राप्त लागत रु.....

४. कन्टेन्जिन्सी रकम रु.....(यो रकम बिशेषज्ञको परामर्श सेवा,मर्मत संभार र निर्माणकार्यको प्राविधिक सेवा, हेरालु कार्यमा मात्र खर्च गर्न सकिनेछ।)

५. प्रस्तावनाको कुल लागत रु .....

प्रथम पक्षको तर्फबाट	दोश्रो पक्षको तर्फबाट
नाम	नाम
पद	पद
दस्तखत	दस्तखत
मिति	मिति
कार्यालयको छाप	सस्थाको छाप

रोहवर

नाम

पद

दस्तखत

मिति

कार्यालयको छाप

ईतिसम्बत् .....साल .....महिना .....गते .....

नोट: दिपक्षिय सम्झौतामा आवश्यकता मुताविकको अन्य बुदाहरु थप गर्न सकिनेछ।

प्रमाणिकरण मिति: २०७६/१०/२७

आज्ञाले

.....

प्रमुख प्रशासकीय अधिकृत